माङसेबुङ गाउँपालिका, इलाम
गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४३ औं** **मिति : २०८१/०९/०८**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत यस गाउपालिकाको सेवा ईकइमा रहने एक जना फिल्ड सहायक पद रिक्त रहेको र उक्त पद करारबाट पूर्ति गर्नुपर्ने भएको हुंदा प्रचलित कानून बमोजिम सूचना प्रकाशन गरी लिखीत तथा प्रयोगात्मक परीक्षा र अन्तरबार्ता मार्फात उम्मेदवारको छनौट गरी एक जना फिल्ड सहायक करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

करार सामाजिक परिचालक नियुक्ति गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६**

गरिब सँग विश्वेश्वर कार्यक्रम अन्तर्गत यस माङसेबुङ गाउँपालिकामा सामाजिक परिचालक पदमा कार्यरत श्री शरण केरुङ कार्यालयलाई कुनै सूचना नै नदिइ बिदेश जानुभएको जानकारी प्राप्त भएको हुँदा निजसँगको करार सम्झौता भंग गरी रिक्त स्थानमा प्रचलित कानून बमोजिम सूचना प्रकाशीत गरी लिखीत तथा प्रयोगात्मक परीक्षा र अन्तरबार्ता मार्फात उम्मेदवारको छनौट गरी उक्त कार्यक्रमको लागि एक जना सामाजिक परिचालक करारमा नियुक्ति गर्ने ।

**प्रस्ताव नं. ७**

करारमा अ.हे.ब (सहायक चौथो तह) नियुक्ति गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७**

यस माङसेबुङ गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकीमा रिक्त रहेको अ.हे.ब (सहायक चौथो तह) पदमा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएको हुँदा प्रचलित कानून बमोजिम सूचना प्रकाशीत गरी लिखीत तथा प्रयोगात्मक परीक्षा र अन्तरबार्ता मार्फात उम्मेदवारको छनौट गरी एक जना अ.हे.ब (सहायक चौथो तह) करारमा नियुक्ति गर्ने निर्णय गरियो । साथै निजको सेवा सुविधा वापतको रकम गाउँपालिकाको करार सेवा शुल्क शिर्षकबाट भुक्तनी गर्ने निर्णय गरियो

**प्रस्ताव नं. ८**

मोटरसाइकल मर्मत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८**

यस माङसेबुङ गाउँपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत/ सूचना अधिकारीले प्रयोग गर्ने गर्नुभएको प्र.१-०१-००१ ब ९८२ नं. को मोटरसाइकलको Engine र Shockup लगायत अन्य पार्टसमा समस्या आई मर्मत गर्नुपर्ने भएको र सवारी साधन मर्मत वापत कर्मचारीलाई दिइने सुविधाको रकमबाट उक्त मोटरसाइकल मर्मत गर्न संभव नदेखिएको हुँदा कार्यालयको तर्फबाट लागत अनुमान तयार गरी उक्त मोटरसाइकल मर्मत गर्ने निर्णय गरियो ।

दिलशेर राइ
प्रमुख प्रशासकीय अधि...

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४३ औं** **मिति : २०८१/०९/०८**

**प्रस्ताव नं. ९**

घर नक्शा पास तथा अभिलेखिकरण नियमन कार्यविधि २०८१ पारित गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९**

यस माङसेबुङ गाउँपालिका क्षेत्रभित्र निर्माण हुने नयाँ घरको लागि घर नक्शा पास गर्न तथा अगाडि निर्माण भैसकेका घरहरुको अभिलेखिकरण गर्ने प्रयोजनका लागि तयार गरिएको घर नक्शा पास तथा अभिलेखिकरण नियमन कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

मध्यकालीन खर्च संरचना तयार (MTEF) गर्ने सम्बन्धमा ।

**निर्णय नं. १०**

यस अगाडि निर्माण भएको यस गाउँपालिकाको मध्यकालीन खर्च संरचना (MTEF) को अवधि आ.व. ०८०।८१ मा समाप्त भएको हुँदा चालू आ.व. ०८१।८२ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत परामंश सेवा खरिद (चालू) शीर्षकमा विनियोजित रकम मध्येबाट रु ४,००,०००-। (मु.अ कर बाहेक) को सीमाभित्र रही परामर्शदाताबाट परामर्श सेवा खरिद गरी यस माङसेबुङ गाउँपालिकाको मध्यकालीन खर्च संरचना तयार (MTEF) गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधि

**माङसेबुङ गाउँपालिका, इलाम**

**गाउँ कार्यपालिकाको बैठक**

**बैठक संख्या : ४४ औं** | **मिति : २०८१/०९/२९**

आज मिति २०८१ साल पुष २९ गते सोमबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्बाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री मनिमा भट्टराई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

बैठक संख्या : ४४ औ                                   मिति : २०८१/०९/२९

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. १** : मिति : २०८१ पुष ०८ गते सोमबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारीत गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

यस माङसेबुङ गाउँपालिका क्षेत्रभित्र पर्ने रतुवा खोला र मावा खोलाबाट नदीजन्य पदार्थ (ढुंगा,गिटी-वालुवा) दिगो रुपमा उत्खनन संकलन र निकासी गर्ने कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) यस गाउँपालिकाको **संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७** को दफा ७ को उपदफ ४  बमोजिम प्राविधिक समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

प्रतिवद्धता व्यक्त गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

यस माङसेबुङ गाउँपालिका क्षेत्रभित्र पर्ने रतुवा खोला र मावा खोलाको विभिन्न वगर क्षेत्रबाट नदीजन्य पदार्थ (ढुंगा,गिटी-वालुवा) दिगो रुपमा उत्खनन संकलन र निकासी गर्ने कार्यको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) स्वीकृत समेत भैसकको संदर्भमा उक्त प्रतिवेदनमा उल्लेखित प्राबधान र प्रचलित कानूनको अधीनमा रही उक्त खोलाहरुबाट नदीजन्य पदार्थ (ढुंगा,गिटी-वालुवा) दिगो रुपमा उत्खनन संकलन र निकासी गर्न गाउँपालिकाको तर्फबाट प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४४ औं मिति : २०८१/०९/२९

**प्रस्ताव नं. ५**

अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ५**

यस गाउँपालिका भित्र पर्ने रतुवा खोला,मावा खोला, फेवा खोला, लम्फेवा खोला र देउमाई खोलाबाट नदीजन्य पदार्थ (ढुंगा,गिटी-वालुवा) दिगो रुपमा उत्खनन संकलन र निकासीको ठेक्का बन्दोबस्त गर्दा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE)मा तोकिएको परिमाणभन्दा बढी परिमाणमा उत्तखनन् गर्न नदिन, उत्खनन्का लागि तोकिएका क्षेत्रभन्दा बाहिर गएर उत्खनन् गर्न नदिने लगायतका प्रतिवेदनमा उल्लेखित अन्य शर्तहरुको पालना भएनभएको सम्बन्धमा र ठेक्कामा प्रयोग हुने रसिद लगायतका विषयमा नियिमत रुपमा अनुगमन गर्न देहाय बमोजिम गाउँपालिकास्तरीय अनुगमन संयन्त्र गठन गरी सो संयन्त्रलाई क्रियाशील गराउने ।

देहाय:

संयोजक : श्री विनोद कुमार नेम्वाङ ( गाउँपालिका उपाध्यक्ष )

सदस्य : श्री नविन लिम्वु वडा अध्यक्ष वडा नं.४

सदस्य : श्री लक्ष्मुन राई वडा अध्यक्ष वडा नं.३

सदस्य : श्री कृष्ण बहादुर बस्नेत वडा अध्यक्ष वडा नं.२

सदस्य : श्री भुपाल योङहाङ वडा अध्यक्ष वडा नं.१

सदस्य सचिव : श्री टंक कुमार मगर ( पूर्वाधार शाखा प्रमुख )

**प्रस्ताव नं. ६**

सिफारिस तथा सहमति माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ६**

यस गाउँपालिका क्षेत्र भित्र पर्ने रतुवा खोला र मावा खोलाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ (ढुंगा,गिटी-वालुवा) उत्खनन संकलन र निकासीको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) र प्रचलित कानूनको अधीनमा रही ठेक्का बन्दोबस्त गर्नको लागि नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको सिफारिस माग गरी सो सिफारिस सहित राष्ट्रपति चुरे तराई मधेस संरक्षण समितिसँग सहमति माग गर्ने ।

**प्रस्ताव नं. ७**

व्याकहो लोडर अपरेटर करारमा नियुक्ति गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७**

यस गाउँपालिकाको लागि एक थान व्याकहो लोडर खरिदको लागि बोलपत्र आव्हान भई हाल खरिद प्रकृया अन्तिम चरणमा पुगेको हुँदा उक्त व्याकहो लोडर संचालनको लागि सहायक स्तर चौथो तहको सेवा सुविधा दिने गरी लीखीत तथा प्रयोगात्मक परीक्षा र अन्तरबार्ता मार्फत उम्मेदवारको छनौट गरी एक जना व्याकहो लोडर अपरेटर करारमा नियुक्ती गर्ने र निजको तलब भत्ता लगायतका सेवा सुविधा कर्मचारी पारिश्रमीक (करार) शीर्षकबाट भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ८**

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को प्रारम्भिक नतिजा सम्वन्धमा ।

**निर्णय नं. ८**

माङसेबुङ गाउँपालिकाको गत आ. व. २०८०/०८१ को स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को प्रारम्भिक नतिजामाथि छलफल गरी सो अनुमोदन सहित सार्वजनिक गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९**

आगामी आ. व. को लागि राजस्व परामर्श समितिले प्रक्षेपण गरेको आय व्ययको विवरण अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ९**

आगामी आ. व. को लागि राजस्व परामर्श समितिको मिति २०८१।०९।२३ गते बसेको बैठकले प्रक्षेपण गरेको आय व्ययको विवरण अनुमोदन गर्ने ।

**प्रस्ताव नं. १०**

Location Tracking का लागि गाउँपालिका भित्रका जोखिम क्षेत्रहरुको पहिचान गरिएको क्षेत्रहरु अनुमोदन गर्ने सम्वन्धमा ।

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४४ औ मिति : २०८१/०९/२९

**निर्णय नं. १०**

देहायका पहिचान गरिएका जोखिम क्षेत्रहरु अनुमोदन गर्ने ।

१ पहिरो

२ खोला कटान

३ जङ्गली जनावरको आक्रमणको जोखिम रहेका स्थान

४ सुख्खा क्षेत्र

५ आगलागी

६ पहिचान गरिएको सुरक्षित स्थान

७ स्वास्थ्य केन्द्रहरु

८ राज्यका सुरक्षा अंगहरु

| प्रकोपको विषय वा प्रकोपको नाम | जोखिम क्षेत्रको ठेगाना | | संपर्क व्यक्तिको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | वडा नं | टोल वा वस्तीको नाम | | |
| पहिरो | ६ | चिसोपानी पञ्चमी बजार | प्रदिप साङपाङ वडा अध्यक्ष | ९८६६०७६२२७ |
| | ६ | खुन्द्रुके/कुसुन्डे | | |
| | २ | वताहा | कृष्ण बहादुर बस्नेत वडा अध्यक्ष | ९८६२७४८००८ |
| | २ | गैरी गाँउ/ खाम्तुवा | | |
| | १ | तेमाङ,साङरेम खोला गाँउ | भुपाल योङहाङ वडा अध्यक्ष | ९८४२०७७७८५ |
| खोला कटान | १ | घोर्ले भिर/ गजुरमुखी धाम | | |
| | १ | फेवा खोला क्षेत्र | | |
| | ४ | सिंङफेरे,तित्रिबोटे भाद्रे | नविन लिम्बु वडा अध्यक्ष | ९८६१०११७०१ |
| जङ्गली जनावरको आक्रमणको जोखिम रहेका क्षेत्र | ४ | अन्धा राजा क्षेत्र | | |
| | ६ | माङमालुङ जंगल | प्रदिप साङपाङ वडा अध्यक्ष | ९८६६०७६२२७ |
| सुख्खा क्षेत्र | ३ | खलेङ्गे/ लामीटार मनिपुर | लक्ष्मुण राई वडा अध्यक्ष | ९८५२६८१७७८ |
| | ५ | खानीटार,लारुम्वा भालुटार | नरेन्द्र कुमार राई | ९८१५०७४४७९ |
| आगलागी | सबै | | | |

बैठक संख्या : ४४ औं | मिति : २०८१/०९/२९

| | | | | |
|---|---|---|---|---|
| पहिचा गरिएको सुरक्षित स्थान | ६ | बाँफोको पुरानो गा.विस भवन | प्रदिप साङपाङ वडा अध्यक्ष | ९८६६०७६२२७ |
| | २ | डोलटार ग्राउण्ड | कृष्ण बहादुर बस्नेत वडा अध्यक्ष | ९८६२७४८००८ |
| स्वास्थ्य केन्द्रहरु | सबै | | | |
| सुरक्षा अंग | १,२,३,६ | नाङरुङ, इभाङ, लामीटार, चिसोपानी पञ्चमी | | |

**प्रस्ताव नं. ११**

जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११**

माङसेबुङ गाउँपालिकाको जनप्रतिनिधिहरुका लागि माघ महिना भित्र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२**

स्वास्थ्य विमा सम्वन्धि समस्या समधान गर्न गठित टोलिलाई धन्यवाद दिने सम्वन्धमा ।

**निर्णय नं. १२**

माङसेवुङ गाउँपालिकाको स्वास्थ्य विमा सम्वन्धि समस्या समधान गर्न गठित टोलिले अध्ययन गरि प्रतिवेदन पेश गरेकोमा सो टोलिलाई धन्यवाद सहित सम्वन्धीत निकायमा जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३**

वताह माघी मेलालाई आर्थिक सहयोग गर्ने सम्वन्धमा ।

**निर्णय नं. १३**

माङसेवुङ गाउँपालिकाको वडा नं २ सिथित वताह दोभानमा बर्षेनि परापुर्वाकाल देखि माघ महिनामा माघि मेला लाग्ने गरेकोमा आ.व. २०८१/०८२ का लागि रु ५०,०००-। विविध कार्यक्रम खर्च शिर्षक बाट मेला आयोजक समितिलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४**

स्थानीय सार्वजनिक विदा दिने सम्वन्धमा ।

**निर्णय नं. १४**

माङसेबुङ गाउँपालिकाको वडा नं. ५ स्थित लारुम्वामा रहनुहुने धर्मगुरुआमा पवित्राहाङमा लिङदेन ज्यूको फाल्गुन ३ गते पर्न गएको जन्मोत्सवको अवसरमा १ दिने सार्वजनिक विदा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १५**

मायाको चिनो निर्माण सम्वन्धमा ।

बैठक संख्या : ४४ औं      मिति : २०८१/०९/२९

**निर्णय नं. १५**

माङसेबुङ गाउँपालिकामा पालनुहुने अतिथिहरु/यस गाउँपालिका बाट अवकास/विदाभई वा अन्य ठाउँमा सरुवाभई जानुहुने कर्मचारीहरुकालागि चिनो सोरुप प्रदान गर्नका लागि मायाको चिनो डिजाइन गरी निमार्ण गर्नका लागि यस माङसेबुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यलयकाका प्रवक्ता श्री सुशन राई ज्यूलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १६**

देउमाई,फेवा र लम्फेवा खोलाबाट नदीजन्य पदार्थ उत्खनन्का लागि पुन ठेक्का खोल्ने सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १६**

प्रस्ताव नं १६ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र पर्ने देउमाई, फेवा र लम्फेवा खोलाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अधीनमा रही चालू आर्थिक वर्ष २०८१/०८२ मा २,०८,२१५ घन फिट नदीजन्य पदार्थ ( ढुंगा, गिटी र वालुवा ) उत्खन्न संकलन तथा निकासीको लागि प्रति घन फिट रु ७ ( सात ) का दरले जम्मा रु १४,५७,५०५ (भ्याट बाहेक) न्यूनतम ठेक्का रकम कायम गरी मिति २०८१/०९/१२ मा ठेक्का आव्हान गरी सूचना प्रकाशीत गरिएकोमा उक्त सूचना बमोजिम ठेक्का नपरेको हुँदा प्रति दिन ४५.११ घन मिटरका दरले उत्खन्न गर्नेगरी पुन ११० दिन उत्खनन् गर्न सकिने अवधि मानी तोकिएको दररेट अनुसार ( रु ७) ले हुनेगरि १,७५,२११।७५ घन फिट नदीजन्य पदार्थ ( ढुंगा, गिटी र वालुवा ) उत्खन्न संकलन तथा निकासी गर्न पाउने गरि रु १२,२६,५०० (भ्याट बाहेक) मा पुन ठेक्का प्रकृया अगाडि बढाउन सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७**

माङसेबुङ बहु सांस्कृतिक संग्रहालय तथा पार्क निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १७**

यस माङसेबुङ गाउँपालिकाको वडा नं. ६मा माङसेबुङ बहु सांस्कृतिक संग्रहालय तथा पार्क निर्माण गर्ने गरी तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८**

आयोजना प्रस्ताव पेश गर्ने तथा लागत साझेदारीको लागि प्रतिवद्धता जनाउने सम्बन्धमा ।

**निर्णय नं. १८**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौंको मिति २०८१/०३/०५ प.सं.०८०/८१ च.नं. ४२२ को प्राप्त पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत यस माङसेबुङ गाउँपालिका वडा नं. ६मा माङसेबुङ बहु सांस्कृतिक संग्रहालय तथा पार्क निर्माण आयोजना संचालन गर्ने गरी उक्त आयोजना प्रस्ताव पेश गर्ने निणर्य गरियो । साथै उक्त आयोजना निर्माणको लागि आवश्यक कूल लागतमा यस गाउँपालिकाको तर्फबाट ५ प्रतिशतले हुन आउने रकम लागत साझदारी गर्ने प्रतिवद्धता जनाउने समेत निर्णय गरियो ।

**माङसेबुङ गाउँपालिका, इलाम**

**गाउँ कार्यपालिकाको बैठक**

**बैठक संख्या : ४४ औं** **मिति : २०८१/०९/२९**

**प्रस्ताव नं. १९**

मिक्लाजुङ खानेपानी आयोजनाको डि.पि.आर (DPR) स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १९**

चालू आ.ब. २०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित कायर्क्रम(विशेष अनुदान) अन्तर्गत संचालन गर्ने गरी मिक्लाजुङ खानेपानी आयोजना स्वीकृत भई आएको र उक्त आयोजना संचालनको लागि आवश्यक Detail Engineering Survey Design and Report Preparation (DPR) निर्माणको लागि माङसेबुङ गाउँपालिकाको कार्यालय र Evolve Engineering Pvt.Ltd कलंकी काठमाण्डौं बीच मिति: २०८१/०८/१३ मा सम्झौता भएकोमा उक्त सम्झौता बमोजिम DPR तयार भई कार्यालयमा प्राप्त भैसकेको हुँदा प्राप्त DPR स्वीकृत गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : मनिमा भट्टराई*

*पद : नि.प्रमुख प्रशासकीय अधिकृत*